# कामना सेवा विकास बैंक लिमिटेड (साविक कामना विकास बैंक लि. र सेवा विकास बैंक लि.) को नाममा रहेका सवारी साधन लिलाम गर्ने गोप्य सिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रकाशित मिति : २०७४/०९/२४**

यस बैंकका चालु अबस्थामा रहेका तपसीलमा उल्लिखित विवरण बमोजिमका सवारी साधनहरु लिलाम बिक्री गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले **१५ दिन** भित्र गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

**तपसील**

**लिलाम हुने सवारी साधनहरुको विवरण**

| क्र.सं. | दर्ता नं. | ब्राण्ड | बनेको साल | न्यूनतम मूल्य |
|---|---|---|---|---|
| १ | बा.९ च २८३० | हुन्डाई आई टेन कार | २०११ | ८,००,०००/०० |
| २ | ग. १ च ६५८६ | टाटा सुमो भिक्टा | २०१० | ८,००,०००/०० |
| ३ | बा. ६ च ३९१४ | हुन्डाई सेन्ट्रो कार | २००८ | ३,००,०००/०० |

**लिलाम बिक्रीका नियम तथा शर्तहरु :**

१. सिलबन्दी बोलपत्र फाराम रु.५०० (अक्षरेपी पाँच सय मात्र) (फिर्ता नहुने गरी) बुझाई यस बैंकको केन्द्रीय कार्यालय पोखरा लेखनाथ-८, सृजनाचोक तथा शाखा कार्यालय बुटवलबाट लिन सकिनेछ ।

२. लिलाममा निकालिएका सवारी साधन मध्ये तीन वटै वा कुनै एक वटाको लागि मात्र पनि बोलपत्र पेश गर्न सकिनेछ ।

३. बोलपत्रहरु मिति २०७४ साल माघ ८ गते सोमबारका दिन कार्यालय समय भित्र आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरि बोलपत्रवालाको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि सवारी साधन लिलाम मार्फत खरिद गर्न चाहेको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

४. बोलपत्रमा आफूले खरिद गर्न कबुल गरेको रकमको कम्तिमा ५(पाँच) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खाता नम्वर ९२६६०१०५००००१ मा नगदै जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै व्याज दिईने छैन ।

५. पेश हुन आएका बोलपत्रहरु मिति २०७४ साल माघ ९ गते मंगलबारका दिन (सो दिन अकस्मात विदा परेमा सोको भोलिपल्ट) दिनको १:०० (एक) वजे बैंकको केन्द्रीय कार्यालय सृजनाचोक-८, पोखरामा विभिन्न सरकारी कार्यालयका प्रतिनिधिहरु तथा बोलपत्रवाला वा निजका प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ ।

६. म्याद नाघी वा रित नपुगी आएका तथा कुनै शर्त समावेश गरी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन । प्रत्येक सवारी साधनको लागि कम्तिमा ३ वटा बोलपत्र अनिवार्य पेश भएको हुनुपर्नेछ । साथै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमा निहीत रहनेछ ।

७. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्रमा धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नु पर्नेछ र उक्त दिन सम्म बाँकी रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

८. बोलपत्रमा आफूले खरिद गरी लिन चाहेको सवारी साधन के कति रकममा लिन चाहेको हो सो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ ।

९. लिलाम हुने सवारी साधन हेर्न/बुझ्न चाहेमा कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१०. सावरी साधन नामसारी गर्दा लाग्ने दस्तुर खरिदकर्ताले नै व्यर्होनु पर्नेछ ।

११. बोलपत्र पेश गर्न इच्छुक व्यक्तिले नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म/कम्पनी भएमा इजाजतपत्र तथा अद्यावधिक दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र र आ.व २०७३/०७४ को करचुक्ता प्रमाणपत्र, अख्तियारीनामा आदि पेश गर्नुपर्नेछ ।

**शिलबन्दी बोलपत्र खोलिने स्थान, मिति र समय :**

(क) स्थान : बैंकको केन्द्रीय कार्यालय-८ सृजनाचोक, पोखरा ।
(ख) मिति : २०७४/१०/०९ गते मंगलबार
(ग) समय : दिउंसो १ : ०० बजे


**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको राष्ट्रिय स्तरको इजाजतपत्र प्राप्त संस्था)

**(साविकको कामना विकास बैंक लि. र सेवा विकास बैंक लि. एक आपसमा गाभिएर बनेको संस्था)**

**केन्द्रीय कार्यालयः** पोखरा लेखनाथ महानगरपालिका-८, सृजनाचोक, कास्की
फोनः ०६१-५३९६७२, ५३९६७३ फ्याक्सः ०६१-५३७४९९